# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : १ मिति : २०८२/०३/३०

भाग - ३

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

प्रमाणिकरण मिति : २०८२/०३/२९

## कैलारी गाउँपालिकाको भलमन्सा प्रणाली संरक्षण तथा विकास ऐन २०७८ (पहिलो संसोधन,२०८१)

**प्रस्तावना**

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको सामाजिक न्याय, मेलमिलाप, सद्भाव र दीगो विकासका लागि चीरकालदेखि अभ्यासमा रहेको विकास, निर्माण, न्याय, परम्परा, पेशा र समाज परिचालनको प्रणालीलाई कानूनी मान्यता प्रदान गरिएको भूमिकालाई अझै प्रभावकारी बनाउन वाञ्छनीय भएकोले संविधानको धारा २२१, धारा २२६ र अनुसूची ८ को १२ र २२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (फ)(४) (५) दफा र दफा १०२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भएमोजिम कैलारी गाउँपालिकाले स्थानीय भलमन्सा प्रणालीलाई संरक्षण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले कैलारी गाउँपालिकाले यो ऐन बनाई लागू गरेको छ।

**परिच्छेद १ :**

**नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क). यस ऐनको नाम **'कैलारी गाउँपालिकाको भलमन्सा प्रणाली संरक्षण तथा विकास ऐन २०७८'** रहेको छ

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(ग) ऐन लागु हुने क्षेत्र : कैलारी गाउँपालिकाभरि

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **भलमन्सा तथा बरघर प्रथा वा प्रणाली** भन्नाले थारु समुदायले स्वायत्त र स्वशासित रुपमा आफ्नो संस्कृतिक प्रथा र प्रथाजनित कानून अनुसार चीरकालदेखि निरन्तर सञ्चालन हुँदै आएको प्रचलन वा संस्थालाई सम्झनु पर्दछ ।

(ख) **गाउँपालिका** भन्नाले कैलारी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **गाउँ** भन्नाले कैलारी गाउँपालिकाको विभिन्न वडाभित्र छुट्याइएको र नामाकरण गरि अस्तित्वमा रहेको अनुसूची नं. ५ अनुसार का क्षेत्रलाई गाउँ सम्झनु पर्दछ ।

(घ) **टोल** भन्नाले अनुसूची नं.५ का क्षेत्रभित्र पर्ने गाउँको सीमानाभित्रको क्षेत्र पुरुवा (टोल) लाई सम्झनु पर्दछ ।

(ङ) **प्रथा** भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई सम्झनु पर्दछ ।

(च) **प्रणाली** भन्नाले भलमन्सा प्रणालीलाई सम्झनु पर्दछ ।

(छ) **भुरा खेल/खोज्नीबोज्नी/माघी डेवानी** भन्नाले प्रत्येक वर्षको माघ महिनाभरि भलमन्सा प्रथावाट स्वाशासित बस्तीमा बसोवास गर्ने मानिसहरुले आफ्नो नेतृत्व चयन गर्न, वर्षभरिको कार्य प्रगतिको समीक्षा, नीति नियम वनाउन वोलाइएको विशेष भेलालाई सम्झनु पर्दछ ।

(ज) **गाउँपालिका अध्यक्ष** भन्नाले कैलारी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) **गाउँपालिका उपाध्यक्ष** भन्नाले कैलारी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) **वडाध्यक्ष** भन्नाले कैलारी गाउँपालिकाभित्रको जुन वडामा उक्त गाउँ रहेको छ, सोही वडाको वडाध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) **भलमन्सा** भन्नाले भुरा खेलबाट चयन भएका गाउँ प्रमुखलाई वुझाउने छ

(ठ) **चिरक्या** भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवता (ठन्वा मन्वा)मा नियमित दियो वाल्ने र पुजा पाठ गर्ने, चाडपर्व र भोज विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने कार्यका लागि नियुक्त भएकालाई सम्झनु पर्दछ ।

(ड) **चौकीदार** भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएकालाई सम्झनु पर्दछ ।

ढ) **बेगारी** भन्नाले भलमन्साको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामूहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।

(ण) **गुरुवा** भन्नाले भलमन्सा प्रथा अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँको खोज्नीबोजनीबाट छनोट भएकोलाई सम्झनु पर्दछ ।

(त) **केसौका** भन्नाले गुरुवाको सहयोगीलाई सम्झनु पर्दछ ।



राजु सम्झ चौधरी
गा.पा. अध्यक्ष

(थ) **बाली वा तिहाइ** भन्नाले भुरा खेलबाट चयन भएका पदाधिकारीहरुलाई गाउँको सेवावाफत दिइने जिन्सी वा नगद पारिश्रमिकलाई सम्झनु पर्दछ ।

(द) **घरौरा** भन्नाले गाउँको घरधुरीलाई सम्झनु पर्दछ ।

(ध) **कचेहरी** भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँको भेलालाई सम्झनु पर्दछ ।

(न) **न्यायीक समिति** भन्नाले गाउँपालिकामा रहेको न्यायीक समितिलाई सम्झनु पर्दछ ।

(प) **अघरिया** भन्नाले भुरा खेलबाट चयन भएका भलमन्साको सहायकलाई बुझाउँदछ ।

(फ) **झराली** भन्नाले भलमन्साको नेतृत्वमा सार्वजनिक कामका लागी सम्वन्धित गाउँ वा टोलका प्रत्येक घरको अनिर्वाय उपस्थिति वा सवै घरका काम गर्ने हद पुगेका सवै व्यक्ति उपस्थित भई नि:शुल्क श्रमदान वा सीप दान वा सामुहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ :

## भलमन्साको कार्यक्षेत्र, परिचयपत्र र अभिलेख

### ३. भलन्साको कार्यक्षेत्र

थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार सम्वन्धित एक गाउँमा रहनेछ ।

निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ ।

### ४. परिचयपत्र सम्बन्धी व्यवस्था

प्रत्येक वर्ष गाउँको भुरा खेलबाट छनोट भएका भलमन्सा प्राणालीभित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई सम्वन्धित वडा कार्यालयले अनुसूची नं. १ वमोजिम बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

### ५. अभिलेख

(क) भलमन्सा प्रणाली अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखिकरण गरी सोका प्रमाण पत्र प्रदान गरिनेछ । सो अभिलेख गाउँपालिकामा बुझाई गाउँ भलमन्सा प्रणालीलाई लौसारी (नवीकरण) गराउनुपर्नेछ ।

(ख) गाउँ भलमन्सा नवीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्ने छैन ।

(ग) गाउँका घरधुरी संख्याको अभिलेखीकरण अनुसुचि २ बमोजिम हुनेछ ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

परिच्छेद ३ :

## गाउँ भुरा खेल, संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

**६. गाउँ भुरा खेल**

(क) गाउँको भुरा खेल गाउँको सीमानाभित्र पर्ने प्रत्येक घरधुरीवाट कम्तीमा एक जना वा वढीमा महिला पुरुष गरी दुई जना प्रतिनिधित्व भएको गाउँको भुरा खेल हुनेछ। भुरा खेल भलमन्सा प्रणालीको सर्वोच्च अंग हुनेछ

(ख) गाउँको भुरा खेल वर्षको माघ महिनामा सम्पन्न गर्नुपर्ने छ।

(ग) भुरा खेलले भलमन्सा प्रणालीका पदाधिकारी, जस्तै, भलमन्सा, चिरक्या, अघारी, चौकीदार, गुरुवा, केसौका, आदिको खोज्नीवोझ्नी गर्नेछ। वर्षभरिको हिसाब किताबको सोधखोज र अनुमोदन गर्न सक्नेछ।

(घ) गाउँको भुरा खेल बस्नको लागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर गाउँमा सूचना जारी गर्नु पर्नेछ।

(ङ) भुरा खेल वस्ने सूचना चौकीदारमार्फत कम्तीमा १ दिन अगावै गाउँमा सवै घरधुरीलाई पुनः जानकारी दिनु पर्नेछ।

(च) दफा १५ बमोजिम भलमन्सा संगठन प्रणालीका कुनै पद रिक्त भएमा सो पदमा जिम्मेवारी प्रदान गर्न यस ऐनको दफा ७ को (घ) अनुसारको प्रक्रिया पुरा गरी जुनसुकै महिनामा दुई तिहाई घरधुरीको भेला वसी पदपुर्ति गर्न सक्नेछ।

(छ) गाउँको भुरा खेलमा सम्वन्धित वडाका जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ। भुरा खेलमा गाउँ स्तरको योजना छनोट गरिने छ। योजना छनोटमा जनप्रतिनिधिहरुको उपस्थिति अनिवार्य गरिनेछ।

(ज) गाउँको भुरा खेलवाट छनौट भएका पदाधिकारीको विवरण अनुसुची ३ अनुसार गाउँपालिकामा अभिलेखीकरण लागि पेश गर्नुपर्नेछ।

**७. गाउँ भुरा खेलको काम, कर्तब्य र अधिकार :**

(क) गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने।

(ख) गाउँको वर्ष भरीको लागि योजना निर्माण गरी सम्बन्धित वडा र गाउँपालिकामा पेश गर्ने।

(ग). गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानुन बनाउने।

(घ) भलमन्सा संगठन प्रणाली अन्तर्गतका पदहरु, जस्तै, भलमन्सा, गुरुवा, केसौका, चौकीदार, चिरक्या, आदि चयन गर्ने र आवश्यकता अनुसार भलमन्सा समितिमा महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ।

(ङ) वर्षभरि भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाई गरी पास गर्ने।

(च) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, बाली वा टिहाई, खारा, डाँर आदि निर्धारण गर्नुपर्ने छ।

(छ) भलमन्सा प्रणालीभित्रका पदलाई दिने सेवा सुविधा निर्धारण गर्ने।

(ज) नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गर्ने।

राम समझ चौधरी
गा.पा. अध्यक्ष

(झ) वार्षिक योजना बनाउने र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पार्ने, पारित गर्ने ।

(ञ) गाउँको हक हित, सुरक्षा तथा विकासको लागि सम्वन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्न सकिने छ ।

८. भलमन्सा संगठन प्रणाली

(क) प्रत्येक गाउँमा एक वटा मात्रै भलमन्सा प्रणाली रहदै आएकोले सोही अनुसार संरचना वनाउनुपर्ने छ ।

(ख) भलमन्सा प्रणाली आफैमा स्वायत्त हुनेछ । यसर्थ गाउँ भलमन्साले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहनेछ । तर, विकास निर्माणका कार्यहरु गर्दा वडा वा गाउँपालिकासँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ग) गाउँको हितको लागि आवश्यकता अनुसार अन्य वडा तथा अन्य गाउँपालिका स्तरमा भलमन्सावीच समन्वय र साझेदारी गर्न सक्ने छ ।

९. भलमन्सा प्रणालीभित्रको पदका लागि योग्यता

१. भलमन्सा पदका लागि योग्यताहरु

(क) सम्वन्धित गाउँको थारु नेपाली नागरिक हुनु पर्नेछ ।

(ख) गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आइरहेको हुनु पर्नेछ ।

(ग) गाउँमा वर्षभरि नियमित बसोबास गर्दै आएको हुने पर्नेछ ।

(घ) गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ ।

(ङ) २१ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।

२. गुरुवा र केसौका हुनका लागि योग्यता

(क) नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) सोही गाउँ वा नजिकको गाउँमा नियमित बसोबास भएको,

(ग) गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न जानेको र मन्त्र विद्या जानेको ।

(घ) गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

(ङ) दु:खी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

परिच्छेद ४ :

## गाउँ भलमन्सा, चौकीदार, अघारी र चिरक्याको काम, कर्तव्य र अधिकार

### १०. भलमन्साको काम, कर्तव्य र अधिकार

**१. संरक्षकत्वको भूमिका :**

(क) भलमन्साले गाउँका सबै मानव, चराचर, पशुपन्छी, बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने ।

(ख) गाउँमा आइपर्ने दैवी प्रकोपबाट जोगाउने, वाह्य आक्रमण वा हस्तक्षेपबाट गाउँकालाई सुरक्षित बनाउने, आपत बिपतमा राहत दिने ।

(ग) कसैमाथि ठूलो अन्याय परेमा गाउँको भेला वोलाई सो सम्वन्धमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

(घ) गाउँभित्र कुनै घर छुट्टिन चाहेमा भलमन्सा वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घर वनाउन सहयोग गर्ने ।

(ङ) विपदमा परी समस्या परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने ।

(च) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने ।

(छ) आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ज) राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गर्नका लागि पहल गर्ने ।

(झ) महिला, वालवालिका र विपन्न वर्गको न्याय निरोपणमा विशेष ध्यान दिने ।

**२. न्यायिक अधिकार :**

(क) गाउँघरमा कुनै पनि झै-झगडा, विवाद मिलाउने जस्ता न्याय निरुपणको कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानूनको अधिनमा रही गर्नुपर्ने छ ।

(ख) भलमन्सा समक्ष कुनै पीडित पक्षले न्याय पाउन अर्जी गरेमा उक्त विषयमा छलफल गराउने र सकेसम्म मेलमिलाप गराउन मध्यस्तताको भूमिका निर्वाह गर्ने ।

(ग) सकेसम्म दुवै पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादन गर्नु पर्दछ ।

(घ) न्यायीक तथा अर्ध न्यायीक संस्थावाट मध्यस्तता, मेलमिलाप, सहजीकरणलगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्वन्धी कार्य गर्ने ।

(ङ) न्यायीक समिति कुनै विषयमा निवेदन वा मुद्दा परेमा र उक्त विषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्वन्धित भएमा त्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने ।

(च) भलमन्सासहित न्यायीक तथा अर्ध न्यायीक संस्थाबाट दफा १० को उपदफा २ (क) अनुसार भएको कार्यसम्पादन न्यायीक समितिले मान्यता दिनेछ ।

(छ) गाउँको विवाद मिलाउँदा गाउँको नियम अनुसार खाँरा, क्षतिपूर्ति भराउने, आदि गर्न सक्नेछन् ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(ज) उपफा २ को (क), (घ) र (च) मा जेसुकै उल्लेख भए पनि कार्य सम्पादन गर्न गाउँपालिकाले आवश्यक कार्य विधि बनाउन सक्नेछ ।

**३. विकास निर्माण सम्बन्धी अधिकार :**

क. आफ्नो गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनोट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधिहरुसँग समन्वय गर्ने ।

ख. विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन विभिन्न सरकारी, गैरसरकारी, संघसंस्था आदिसँग समन्वय गर्ने ।

ग. गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने ।

घ. गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ भेलाको निर्णयानुसार खारा गर्ने ।

ङ. गाउँ भुरा खेलबाट गाउँको योजना पास गराई वडा कार्यालयमा लेखी पठाउने ।

च. विकास निर्माणको काम सम्पन्नभई सकेपछि सार्वजनिक परीक्षण गराई अभिलेख राख्ने, राख्न लगाउने । आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा पठाउने ।

छ. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्ने ।

**४. संस्कृति संरक्षण, प्रर्वद्धन सम्बन्धी अधिकार :**

क. गाउँमा वर्ष भरी गर्नुपर्ने पूजापाठ, नाचगान, परम्परा आदिको पहिचान र वार्षिक कार्य योजना बनाउने ।

ख. गाउँमा वर्षभरी मनाईने चाडपर्व र पूजापाठको लागि गुरुवा, केसौका र सम्वन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने ।

ग. लोक नृत्य, लोक गीत, लोक वाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

घ. भाषा, लिपि, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने ।

ङ. प्रथाजनित कानुन, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक आदि कार्य गर्ने गराउने ।

च. सामाजिक संस्कारगत कार्य जस्तै पक्कापोढ्दी, विवाह, मृत्यु संस्कार, चाड पर्वमा सक्रिय सहभागिता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने ।

छ. गाउँको भुरा खेलको निर्णय अनुसार टिहाई संकलन गर्ने, र सम्बन्धित पक्षलाई बुझाउने ।

**५. सम्पर्क र समन्वयात्मक अधिकार**

क. गाउँको लागि सम्पर्क र समन्वय अधिकृतको रुपमा भूमिका निर्वाह गर्ने ।

ख. गाउँपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसित सम्पर्क, समन्वय, सहकार्य गर्ने ।

ग. गाउँको समस्याको बारेमा स्थानीय सरकारलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

घ. गाउँको आवश्यकता अनुसार आर्थिक, तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्वन्धित कार्यालय, व्यक्तिहरुसँग अवश्यक सम्पर्क र सहकार्य गर्ने ।



राज सम्भक चौधरी
गा.पा. अध्यक्ष

ङ. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, वैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने ।

च. विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

छ. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

**६.अन्य अधिकारहरु**

क. गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने ।

ख. शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने ।

ग. सामाजिक समस्या, बिकृति, अन्याय र अत्याचारको विरुद्ध जन परिचालन गर्ने, अभियान सञ्चालन गर्ने ।

घ. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने ।

ङ. गाउँ भुरा खेलले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**७. भलमन्सासँग समन्वय गर्नुपर्ने**

स्थानीय तह वा कुनै पनि गैर सरकारी संस्था गाउँमा कार्यक्रम सञ्चालन गर्नुपरेमा भलमन्सासँग समन्वय गर्नु पर्नेछ । सोको वार्षिक सुनवाई गाउँ भुरा खेलमा गर्नुपर्नेछ । भलमन्साले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरु गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ ।

**११. अघरियाको काम कर्तव्य र अधिकार :**

(क) भलमन्साले जिम्मेवारी दिएको काम गर्ने

(ख) भलन्साको अनुउपस्थितीमा गाउँको सार्वजनिक हितका लागि नेतृत्व गर्ने

(ग) भलमन्सालाई आवस्यक सहयोग गर्ने ।

**१२. चौकीदार, चिरक्याको काम, कर्तव्य र अधिकार**

१. भलमन्सा वा अघरियाले जिम्मेवारी दिएको काम गर्ने ।

२. भलमन्सा वा अघरियाको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने ।

३. भलमन्सा र अघरियालाई आवश्यक सहयोग गर्ने ।

**१३. गुरुवाको काम, कर्तब्य र अधिकार**

१. गाउँको वर्षभरी गरिने विभिन्न पूजापाठलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने ।

२. गाउँमा हुन सक्ने दैवी, प्रकोप, किट पटङ, खराव डोख, दुष्ट नजर, रोगव्याधीबाट गाउँका मानव, जीवजन्तु र वाली नालीलाई वचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ,

३. गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने ।

४. गाउँ घरमा सामाजिक सहिष्णुता र एकतामा सहयोग गर्ने ।



राज समभ्ठ चौधरी
गा.पा. अध्यक्ष

५. बिरामी वा पीडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने ।

**१४. केसौकाको काम कर्तब्य र अधिकार :**

१. विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने ।

२. गाउँका मानिस र पशुपन्छीमा कुनै रोग ब्याधले सताएमा त्यसबाट वचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

**१५. घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार :**

१. गाउँ भुरा  खेल, भेला, जुट्याल्हा, कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने ।

२. भलमन्साले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने ।

३. गाउँको भुरा खेलको नियम अनुसार वाली दिने ।

४. भलमन्साको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान गर्ने ।

५. गाउँको समस्याको वारेमा गाउँ भलमन्सालाई जानकारी गराउने ।

६. भलमन्साले खटाएको सामूहिक हितको अन्य कार्य गर्ने ।

७. गाउँको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने ।

**परिच्छेद ५ :**

**भलमन्सा प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति**

**१६ . पद रिक्त हुने अवस्था :**

यस ऐनको दफा ६ बमोजिम गठन भएको भलमन्सा प्रणालीभित्रको पदहरु देहायको अवस्थामा पद रिक्त हुनेछ ।

१. एक वर्ष कार्यकाल समाप्त भएमा,

२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट दोषी ठहर भएमा

३. निजको मृत्यु भएमा,

४. खराव आचरणका कारण निजलाई भलमन्सा पदमा राखिराख्न उचित नभएको गाउँ भेलाको दुई तिहाई मत जाहेर भएमा,

५. असक्त, अस्वस्थ भई भलमन्साको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा ।

६. निजले पदवाट राजीनामा दिएकोमा गाउँ भेलावाट पारित भएमा ।

**१७. बाँकी अवधिका लागि पद पुर्ति गर्ने :**

भलमन्सा प्रणालीभित्रको पदमा बाँकी अवधीको लागि ऐनको दफा ६ को (ग) बमोजिम नियुक्ति गरिनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

**परिच्छेद ६**

**पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था**

**१८. भलमन्सा पदाधिकारीहरुको पदीय मर्यादा र आचरण**

१. समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र निष्पक्ष र जवाफदेही पूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

२. समाजमा बस्ने विभिन्न जाति, समुदाय तथा सम्प्रदायबीचको सम्वन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ ।

३. समुदायको प्रथा, परम्परा, प्रथाजनित कानून, मुल्य मान्यतालाई उच्च सम्मान गर्ने ।

४. भलमन्साले स्थानीय स्तरमा हुने बैठकमा शब्दको प्रयोग गर्दा महिलामैत्री, वालमैत्री, अपाँगमैत्री तथा जेष्ठ नागरीकमैत्री शव्दको प्रयोग गर्नु पर्नेछ ।

५. भलन्सा गाउँको नेतृत्व कर्ता तथा अगुवा भएको हुदाँ भलमन्साको आचरण उदाहरणीय हुनु पर्दछ ।

६. गाउँटोलमा हुने विकास निमार्णका कार्यका साथै लाभाँसको वडफाडमा समावेशीताको सिद्धान्तलाई अँगिकार गर्नु पर्दछ ।

**परिच्छेद ७ :**

**प्रतिनिधित्व र सहभागीता**

**१९. स्थानीय तहमा प्रतिनिधित्व, सहभागिता र प्राथमिकरण**

**१.(क)** स्थानीय सरकारले हरेक सार्वजनिक गतिविधिमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ । यसका लागि भलमन्सा प्रणालीको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

(ख) गाउँस्तरको योजना छनोट गाउँको भुरा खेलले पास गरेपछि सो योजनालाई वडा कार्यालय तथा गाउँपालिकाले आफ्नो योजनामा प्राथमिकीकरण गर्नुपर्ने छ ।

(ग) वडा स्तरीय योजना तर्जुमा गर्दा सम्वन्धित गाउँ भलमन्सालाई पत्राचार गरी आमन्त्रण गर्न सकिने छ ।

**२. अनुगमन निरीक्षणमा प्रतिनिधित्व :**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ६.२.१. अनुसार अनुगमन तथा सुपरिवेक्षण समितिले गर्ने अनुगमनमा सम्वन्धित गाउँका भलमन्सालाई आमन्त्रण गर्न सकिने छ ।

**३. गाउँ सभामा प्रतिनिधित्व र सहभागीता :**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ५.७ अनुसारको गाउँ सभाबाट वजेट तथा कार्यक्रम स्वीकृत भई सार्वजनिकीकरण हुने कार्यक्रममा भलमन्सालाई आमन्त्रित गरिनेछ ।

**४. न्यायीक समितिमा प्रतिनिधित्व:**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ वमोजिमको अधिकार क्षेत्रभित्र रही न्याय निरुपण गर्दा विवादित पक्ष रहेको गाउँको भलमन्सालाई आमन्त्रित गरिनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
... कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

परिच्छेद ८ :

आर्थिक श्रोत व्यवस्थापन

**२०. भलमन्सा प्रणालीको आर्थिक स्रोत**

भलमन्सा प्रणालीको आर्थिक स्रोत देहाय वमोजिम हुनेछ ।

१. गाउँपालिकाले आफ्नो कार्यविधि अनुसार दिइने अनुदान रकम ।

२. गाउँ भुरा खेल र भेलाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनको लागि जम्मा गरेको नगदी जिन्सी ।

३. उठेको तिहाईमध्ये सम्वन्धित पक्षलाई भुक्तानी गरी वचेको नगदी र जिन्सी ।

४.गाउँको पूजापाठ गर्नको लागि घरधुरीबाट उठेको नगदी जिन्सीमध्ये वचेको कोष ।

५. गाउँ भुरा खेलले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम ।

६. गाउँको भुरा खेलले निर्णय गरे अनुसार सार्वजनिक काममा अनुउपस्थित हुने घरधुरीवाट प्राप्त खारा रकम ।

७. गाउँ भेलाले निर्णय गरे अनुसारको डाँरबाट प्राप्त रकम ।

८. गाउँमा वसाइ सराई गरी आउनेलाई गाउँको भेलाको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क रकम ।

९. सामुदायिक वन समितिवाट प्राप्त विकास कार्यक्रम अनुदान रकम ।

१०. गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनवाट प्राप्त रकम ।

११. गाउँमा सामाजिक, साँस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

१२. विभिन्न दातावाट प्राप्त दान दातव्य ।

१३. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थावाट प्राप्त नगदी जिन्सी।

१४. गाउँ भलमन्सा प्रणालीको सम्पत्तिवाट आर्जित रकम ।

१५. गाउँ भुरा खेलले निर्धारण गरेको श्रमदान नगरी सिँचाई सुविधा लिने जग्गाधनीसँग लिइने पनकरवाट प्राप्त रकम

**२१. खाता सन्चालन र खर्च विधि**

१. सम्वन्धित गाउँको भुरा खेल वा भेलाको निर्णय अनुसार उक्त गाउँ भलमन्सा/बरघर प्रणालीको नाममा नजिकको वैंक, वित्तीय संस्था वा सहकारी संस्थामा वैंक खाता खोल्न सक्नेछन ।

२. यस ऐनको दफा २० वमोजिम प्राप्त आम्दानी गाउँ भुरा खेल वा भेलाले तोकेको पदाधिकारीको संयुक्त दस्तखतबाट वैंक खाता सन्चालन गर्न सकिने छ।

३. यस ऐनको दफा २० वमोजिम प्राप्त रकम गाउँ भुरा खेल वा भेलाले गरेको निर्णय वमोजिम भलमन्सा प्रणालीले खर्च गर्न सक्नेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

४. भलमन्सा प्रणालीले वर्षभरीको आम्दानी र खर्चको बिल भरपाई अभिलेख राख्नु पर्नेछ । गाउँ भुरा खेलमा खर्च विवरण सार्वजनिक गरी पास गराउनु पर्नेछ ।

**२२. सम्पत्तिको अभिलेख :**

१. गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख भलमन्सा प्रणालीले राख्नु पर्नेछ । सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । सम्पत्तिको भौतिक परिक्षण गरी हरेक वर्ष गाउँ भुरा खेलमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ९ :

## विविध

**२३.कार्यविधि तथा निर्देशिका बनाउने अधिकार :**

यस ऐनको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**२४. बाधा अड्काउ फुकाउ :**

नेपालको प्रचलित कानूनसँग यो ऐन वाझिन गएको हकमा स्वतः प्रचलित कानून बमोजिम अमान्य हुनेछ ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष

**अनुसूची १ :**

दफा ४ बमोजिम

भलमन्सा प्रणालीभित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिइने परिचय पत्र

कैलारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

......नं. वडा कार्यालय

परिचय पत्र

नाम :

पद :

ठेगाना :

जन्म मिति :

ना.प्र.नं :

सम्पर्क नं :

रक्त समुह :

जारी मिति :

हालसालै खिचेको पासपोट साईजको फोटो

..................................

प्रमाणित गर्नेको दस्तखत

वडाध्यक्ष

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

... नारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

# अनुसूची २

## दफा १८ बमोजिम

## स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को

अनुसूची ४
(दिग्दर्शनको दफा ५.४ सँग सम्वन्धित)
.................नगरपालिका/गाउँपालिका

वडा नं...... गाउँ ...................

आयोजनाको प्राथमिकिकरण सूची, २०.....

(क) गाउँ/बस्ति स्तरको आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्वन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| सुशासन तथा सस्थागत विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |

राज समभक चौधरी
गा.पा. अध्यक्ष

तारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

**अनुसूची ३**

**दफा ५ बमोजिम**

**गाउँको घरधुरी संख्या अभिलेखीकरण फाराम**

| घर नं | घरको नाम | घरमुलीको नाम | परिवार संख्या | | | जमिन | पेशा | | नोकरी | | जातजाती | | | | | | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | कृषी | व्यापार | स्वदेश | बिदेश | थारु | ब्राम्हन | क्षेत्री | दलित | आ.ज | अन्य | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

राज समभक चौधरी
गा.पा. अध्यक्ष

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची ४
दफा ५ को १. बमोजिम

गाउँको भुरा खेलले छानेका/चुनेका गाउँका अगुवाहरुको बिबरण भर्ने फाराम

| क.सं | पद | नाम | उमेर | घरको नाम | घर नं | फोन नम्बर |
|---|---|---|---|---|---|---|
| १ | भलमन्सा/बरघर | | | | | |
| २ | चौकीदार | | | | | |
| ३ | चिरक्या | | | | | |
| ४ | गुरुवा | | | | | |
| ५ | केसौका | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ५
कैलारी गाउँपालिका
गाउँ, टोल विवरण

| क्र.स. | वडा नं. | गाउँ | टोल/पुरुवा |
|---|---|---|---|
| १ | १ | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*****

राज समझ चौधरी
गा.पा. अध्यक्ष